म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २६८ बिहीबार २७ बैशाख २०८१ ने. सं. ११४४ बछलाथ्व 9 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाले जित्यो अन्तरपालिका भलिबलको उपाधि

हेटौंडा, २६ वैशाख/हेटौंडा उपमहानगरले प्रकाश दाहाल स्मृति पहिलो बागमती अन्तरपालिका भलिबल प्रतियोगिताको उपाधि जितेको छ । बुधबार भएको फाइनल खेलमा थाहा नगरलाई २१-२५, १७-२५, २५-१६, २५-१५, १५-४ को सेटले हराउँदै हेटौंडा उपाधि विजेता बनेको हो । उपाधि विजेता हेटौंडाले तीन लाख, उपविजेता थाहाले दुई लाख तथा तेस्रो हुनेले एक लाख रुपैयाँ पुरस्कार पाएको छ । प्रतियोगितामा महाकाल गाउँपालिका र ह्याङलेक गाउँपालिका तेस्रो भएका छन् ।

सेमिफाइनलमा थाहा नगरपालिकाले महांकाल गाउँपालिकालाई र हेटौंडा उपमहानगरले ह्याङलेक गाउँपालिकालाई पराजित गर्दै फाइनल प्रवेश गरेको हो । प्रतियोगितामा थाहा नगरका विष्णु क्षेत्री उत्कृष्ट खेलाडी घोषित भए । यस्तै सुजन चोखाल उत्कृष्ट सेटर, राजन दर्लामीमगर उत्कृष्ट लिबरो घोषित भए । क्रमशः पृष्ठ-४...

# १८ सय हेक्टर वनमा डढेलो, नियन्त्रणमा आकाशको भर

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ मकवानपुरका अधिकांश स्थानीय तहमा डढेलो आतंक छ । डढेलोका कारण मकवानपुरसहित देशभरकै वायुप्रदूषण उच्चतम् अवस्थामा पुगेको थियो ।



पछिल्लो दुई दिनदेखि पानी परिरहेका कारण डढेलो नियन्त्रणमा आएको र वायुप्रदुषणमा सुधार आएको बताइएको छ । मकवानपुरमा चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म एक हजार ८८१ हेक्टर भन्दा बढी क्षेत्रफलमा वन डढेलो लागेको छ । मकवानपुरमा रहेका दुइवटा डिभिजन अर्न्तगत डिभिजन वन कार्यालय मकवानपुरको ६ सय ८६ हेक्टर वनक्षेत्र र डिभिजन वन कार्यालय राप्ती मनहरी अर्न्तगत एकहजार १९५ हेक्टर वन क्षेत्रमा डढेलोले क्षति भएको बताइएको छ ।

डिभिजन वन मकवानपुर अर्न्तगत हेटौंडा, भीमफेदी, मकवानपुर गढी, बकैया, बागमती र डिभिजन वन राप्ती मनहरी अर्न्तगत थाहा नगरपालिका, कैलाश, राक्सिराङ, हेटौंडाको बसामाडी, भीमफेदीको भैंसे र इन्द्रसरोवर गाउँपालिका रहेको छ । इन्द्रसरोवर गाउँपालिका-२ सुकौराबाट वनमा आगो लगाएको आरोपमा स्थानीयले एकजना पक्राउ गरी प्रहरीलाई बुझाएका थिए । पवलीभञ्ज्याङ सामुदायिक वनमा आगो लगाएको आरोपमा पक्राउ परेका एकजनालाई १२ दिनको म्याद थपगरी अनुसन्धान भइरहेको डिभिजन वन कार्यालय मकवानपुरका वन अधिकृत दीपक अधिकारीले बताए ।

वनमा आगो लगाएमा वन ऐन २०७६ को दफा ४९ (घ) बमोजिम कसुर गरेकोमा दफा ५० को (४) मा क्षति भएको बिगो असुली गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनसक्ने व्यवस्था कानूनमा छ । डढेलो न्यूनीकरणका लागि पोखरी निर्माण, जनचेतना फैलाउने, आमा समूह, टोल विकास संस्था, सामुदायिक वन समितिका पदाधिकारी सहितको वन डढेलो नियन्त्रण सञ्जाल गठन गरी आगलागी नियन्त्रणका प्रयासहरु भइरहेको डिभिजन वन कार्यालय मकवानपुरले जनाएको छ ।

तर, पनि डढेलो नियन्त्रण र रोकथाममा आउन आकाशकै भर पर्नुको बिकल्प छैन । डढेलोको नियन्त्रण र रोकथाममा आकाशे पानीको भरपर्नु परेको वन अधिकारीहरु नै बताउँछन् । डढेलो लगाउनेलाई कानुनी कारबाहीमा ल्याउन नसक्दा यसको नियन्त्रणमा आकाशे पानीको भरपर्नु परेको हो । सचेतनाले सचेत मात्रै बनाएको तर, डढेलो नियन्त्रण आउन नसकेको सरोकारवालाकै भनाई छ ।

दुवै डिभिजनको तथ्यांक अनुसार मकवानपुरमा लागेको डढेलोको प्रमुख कारण मानवीय त्रुटी भएको देखिएको छ । जंगलमा घाँस पलाउन नदिन, झाडी सफा हुने, घनाझाडी हुँदा वन्यजन्तु लुकेर बस्ने लगायत कारणले जंगलमा डढेलो लगाउने गरेको मकवानपुरका वन अधिकृत अधिकारीले बताए । जग्गा नापी हुन थालेपछि वन अतिक्रमण गरेर जग्गा कमाउने र लालपुर्जा पाउने आशामा डढेलो लगाउने, कतिपय वन समितिमा व्यक्तिगत रिसिइवी, हेल्च्याक्रयाइ, चुरोट खाएर ठुटो बनमा फाल्ने लगायत कारणले वनमा ढडेलो लागेको उनको भनाई छ ।

गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो छिटो फैलने गरेको छ । वनजंगल, भिर पाखा र खरबारीमा हुने अनियन्त्रित आगलागीले वनक्षेत्रमा मात्र नभई नजिककै बस्तीलाई समेत असर पारि रहेको छ । मानवीय कारणले नै डढेलो लाग्ने गरेको छ ।

आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछन् भनेर व्यक्तिले जानाजानी आगो लगाउँदा त्यसले अनियन्त्रित भई डढेलोको रुप लिने गरेको छ । डढेलोले माटाको प्राङ्गारिक तत्व नष्ट हुने, वन्यजन्तुको बासस्थान नासिने लगायतका समस्या निम्तिने गरेको छ । वनमा लागेको डढेलोका कारण वातावरण प्रदुषण हुनुका साथैं मानवस्वास्थ्यमा पनि गम्भिर असर पर्ने गरेको छ ।

**प्रदेशभर डढेलो**

बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयका अनुसार प्रदेशमा चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म १३ हजार ५०० हेक्टर भन्दा बढी क्षेत्रफलमा वन डढेलो लागेको छ ।

वन व्यवस्थापनको हिसावले प्रदेशमा ४ हजार ५०३ वटा सामुदायिक वन, ३ हजार ३३७ वटा कबुलियती वन, ३९ वटा धार्मिक वन, २ वटा संरक्षित वन र ५७९ वटा निजी वन रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार बागमती प्रदेशमा कूल क्षेत्रफलको ५१ दशमलव ५३ प्रतिशत वन र २ दशमलव २० प्रतिशत अन्यकाष्ठ तथा बुट्यान क्षेत्रगरी ५३ दशमलव ७३ प्रतिशत वनक्षेत्र रहेको छ । प्रदेशका १३ जिल्लामध्ये मकवानपुरमा सबैभन्दाबढी ६८ दशमलव १५ प्रतिशत र भक्तपुरमा सबैभन्दा कम २० दशमलव १० प्रतिशत वनक्षेत्र रहेको छ ।

# प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा वृद्धि

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ गतवर्ष देशभर प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा वृद्धि भएको पाइएको छ । मे २०२३ देखि अप्रिल २०२४ सम्मको एकवर्षको तथ्यांक विश्लेषणसहित फ्रिडम फोरमले तयार पारेको प्रतिवेदन अनुसार प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा बढोत्तरी भएको पाइएको हो ।

अनुगमन प्रतिवेदनले प्रेस स्वतन्त्रता उल्लंघनका ६० घटनामा ८८ पत्रकार प्रत्यक्ष प्रभावित भएको उल्लेख गरेको छ । योभन्दा अघिल्लो वर्ष अर्थात् २०२३ मे ३ को प्रतिवेदनअनुसार नेपालमा ४० वटा प्रेस स्वतन्त्रता उल्लंघनका घटना भएका थिए । यस वर्षका ६० उल्लंघनमध्ये आक्रमण/हातपातका २१ घटना, समाचार संकलनमा अवरोध र तोडफोड सहित ७ घटना, दुर्व्यवहारका ८ घटना, २२ वटा धम्की/ज्यान मार्ने धम्की रहेका छन् ।

यस अवधिमा दुई सञ्चार माध्यममाथि आक्रमण भएको थियो भने एकमा तोडफोड भएको थियो । ९ जना सञ्चारकर्मीलाई सामाजिक सञ्जालमार्फत धम्किपूर्ण सन्देश आएको थियो । यी घटनामध्ये सबैभन्दा धेरै घटना (२४ वटा) देशको संघीय राजधानी काठमाडौं रहेको बागमती प्रदेशमा र त्यसपछि मधेश प्रदेशमा १२ वटा प्रेस स्वतन्त्रता उल्लंघनका घटना भएका थिए ।

कोशी प्रदेशमा ११, गण्डकी प्रदेशमा ७, लुम्बिनी प्रदेशमा ३, कर्णाली प्रदेशमा १ र सुदूरपश्चिम प्रदेशमा २ वटा प्रेस स्वतन्त्रता उल्लंघनका घटना फ्रिडम फोरमले रेकर्ड गरेको छ । बागमती प्रदेशमा भएका घटनामा ४१ पुरुष, ७ महिला पत्रकार र २ सञ्चारगृह प्रभावित भएका थिए ।

कुल प्रभावित पत्रकारमध्ये २४ जना अनलाइन सञ्चारमाध्यममा कार्यरत थिए भने १६ टिभि, १३ छापा, दुई रेडियो र दुईजना स्वतन्त्र सञ्चारकर्मी थिए । अधिकांश घटनामा सुरक्षाकर्मीबाट ३५, राजनीतिक कार्यकर्ताबाट १४, सरकारी कर्मचारीबाट १३ र अपराधी/गुण्डाबाट ७ पत्रकार प्रभावित भएका छन् । साथै, १९ जना सञ्चारकर्मी व्यवसायी, स्थानीय, ठेकेदार लगायतबाट प्रभावित भएका छन् ।

समग्रमा प्रेस स्वतन्त्रता हनन्का घटनामा कानुन र नीति सुधारमा निष्क्रियता, पत्रकारितामा लोकप्रियतावादी राजनीतिको बढ्दो प्रभाव, पत्रकारविरुद्धको अपराध सम्बन्धी दण्डहीनताप्रति उदासीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा निरन्तर गिरावट र पत्रकारको पेशागत सुरक्षा जोखिममा पर्नु जस्ता कारणले गत वर्ष प्रेस स्वतन्त्रताको अवस्था चुनौतीपूर्ण रह्यो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम लागू गर्दै हेटौंडा उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ नगरका बिभिन्न बिद्यालयमा अध्ययनरत विद्यार्थीलाई स्थानीय विषयमा जानकारी दिने उद्देश्यसहित हेटौंडा उपमहानगरले स्थानीय पाठ्यक्रम निर्माण गरेको छ ।



२०७९ सालबाट कक्षा १ देखि ३ सम्म अध्यापन गराउँदै आएको स्थानीय पाठ्यक्रमलाई ४ देखि ८ कक्षासम्म सञ्चालनको तयारी गरेको हो । चालु शैक्षिकसत्रबाट लागु हुनेगरी निर्माण गरिएको ४ देखि ८ सम्मको स्थानीय पाठ्यक्रमका लागि सुझाव संकलन गरिएको छ । मंगलबार हेटौंडा उपमहानगर शिक्षा समितिका सरोकारवाला, पाठ्यक्रम निर्माणमा संलग्न सहितको छलफलले पाठ्यक्रमलाई सरल र सहज बनाउँने तर्फ ध्यान दिन सुझाव दिएका थिए ।

पुस्तक निर्माणको क्रममा समेटिएका विषयका बारेमा महाशाखा प्रमुख सीताराम कोइरालाले प्रस्तुतिकरण गरेका थिए । नगर प्रमुख मीनाकुमारी लामाले स्थानीय पाठ्यक्रमलाई व्यवहारिक बनाउन जरुरी रहेको बताइन् । उनले स्थानीय भाषा, संस्कृति भेषभूषा सहितका विषयबारे बलाबालिकालाई जानकारी गराउँदै अघि बढाउनुपर्ने भन्दै शिक्षालाई 'प्राक्टिकल' बनाउनेतर्फ ध्यानदिने जरुरी रहेको औंल्याइन् ।

शिक्षा विकास तथा समन्वय ईकाईप्रमुख दिनानाथ गौतमले अन्य पालिकाले पनि आफ्नो पाठ्यक्रम निर्माण गरी अध्यापनमा लगाइसकेको भन्दै चाँडै पुस्तक निर्माणका काम सकेर अघि बढ्न सुझाव दिए । पालिकाले पाठ्यक्रम निर्माण गर्दा स्थानीय पहिचानको विषयलाई राम्रोसँग उजागर गर्न जरुरी रहेको औंल्याए । सानै उमेर बाट उनीहरुले स्थानीय पहिचानलाई सहज भाषामा बुझ्ने गरी पुस्तक तथार गर्न सुझाव दिए ।

प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुबेदीले स्थानीय पाठ्यक्रम बालमैत्री बनाउन जरुरी रहेको बताए । स्थानीय पाठ्यक्रम भएकाले निजी तथा सामुदायिक विद्यालयमा नेपाली भाषामै अध्ययन गराउन जरुरी रहेको बताए । 'हाम्रो हेटौंडा' नाम रहेको स्थानीय पाठ्यक्रमलाई नगरको मौलिकता झल्कने गरी निर्माण गर्ने तयारी रहेको छ । पाठ्यक्रममा स्थानीय विषयबस्तुलाई बालबालिकामाझ लैजाने गरी पुस्तक निर्माण हुने उपमहानगर शिक्षा विकास महाशाखाले जनाएको छ । पुस्तकमा स्थानीय कला, सस्कृति, भाषा, भेषभूषा र जातीय पहिचान सहितको सन्दर्भ सामग्री समेटिने महाशाखा प्रमुख कोइरालाले जानकारी दिए ।

कार्यक्रममा हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँ, उपमहानगर सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइराला, हेटौंडा उपमहानगरका बिज्ञ सल्लाहकार डा. कृष्ण धिताल, शिक्षा विकास महाशाखा, प्याब्सन मकवानपुरका प्रतिनिधिको सहभागिता रहेको थियो ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....




Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time
25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# मनहरी-मलेखु सडकको चिन्ता

मनहरी-मलेखु सडकको ट्र्याक निर्माणको काम पूरा भएको छ । यो सडकलाई हेटौंडाबाट चितवन हुँदै राजधानी काठमाडौं जाने सडकको विकल्पको रुपमा हेरिएको छ । राक्सिराङ गाउँपालिकाको दुङ्गु-गार्खा-रतुवा खण्ड छिचोलिएसँगै यो सडकको सबै ट्र्याक निर्माण पूरा भएको राक्सिराङका अध्यक्ष राजकुमार मल्लले जानकारी दिएका छन् । खोलाको बाटोबिनै मलेखु निस्कन सकिने अवस्था रहेको अध्यक्ष मल्लले बताएका छन् । मकवानपुरको मनहरी-कैलाश-डाँडाखर्क-मलेखु खण्डमा ट्र्याक खोल्ने काम भइसकेको छ । परेवाभीरको कथा यस अघि धेरै पटक चर्चाको बिषय बन्दै आएको थियो । यसलाई स्तरीकरण गर्नका लागि पनि धेरै ठूलो धनराशी खर्च गर्नु पर्दैन । बढीमा १०/१५ अर्ब रुपैयाँ खर्च गर्ने हो भने त्यो रकम एकवर्षमा मुग्लीन घुम्ने ईन्धनबाटै बचत हुनेछ । यो विषयमा स्थानीय सरकारले पनि अध्ययन गर्नु जरुरी छ । स्थानीय सरकारले आफ्नो भुगोलको अध्ययन गर्ने र प्रदेश वा संघीय सरकारलाई आग्रह गर्दा सहज हुनेछ । बीरगंज-काठमाडौंको दुरी करिब ७५ किमि घट्दा भाडादरमा पनि सहुलियत हुन जान्छ । मध्य असारदेखि नारयणगढ-मुग्लीन खण्डमा नियमित रुपमा समस्या आइरहेको हुन्छ ।

हरेक वर्षायाममा नारायणगढ-मुग्लीन खण्डमा पहिरोको समस्या आइरहेको छ । पटकपटक अवरुद्ध हुने यो सडकको बिकल्प खोज्नै पर्छ । यो अवस्थामा बुटवल पश्चिमबाट आउने सवारीसाधनलाई पनि मनहरी आएर कैलाश हुँदै मलेखु निस्कनका लागि दुरी छोटिन्छ । पश्चिमबाट आउने गाडीलाई पनि मनहरीबाट सीधै मलेखु निस्कने रुट उपयोगी हुनेछ । त्यसो त सरकारले रक्सौल काठमाडौं रेलसेवाको बिस्तार गर्न पनि खोजिरहेको छ । तर, त्यो भारतीय सरकारको निगाहमा भरपर्ने कुरो हो । हाम्रो देशको बजेटले चाहेर त्यो बन्नेवाला छैन । सरकारले सबैभन्दा कम लागतमा निर्माण गर्न सक्ने सम्भावना देखिएको बीरगंज-जीतपुर-निजगढ-शिखरपुर-सिस्नेरी-सतीखेल हुँदै काठमाडौं जोड्ने करिब २ सय १९ किलोमिटर लामो बाटो प्रयोग गर्ने गरी रेलसेवाको डिपिआर अध्ययन भएको छ । रेलमार्ग सञ्चालन भए भारतबाट आयात हुने सामान काठमाडौंसम्म ल्याउने लागत तथा समय छोटिनेछ । नेपालमा भारतबाट सामान आयात गर्दा सबैभन्दा बढी वीरगन्ज नाका प्रयोग हुनेगर्छ । आयात लागत घट्ने र समय बचत हुँदा काठमाडौंमा सामानको मूल्य कम हुनेछ । पेट्रोलियमपदार्थको बचतबाटै मनहरी-परेवाभीर-कैलाश-मलेखु सडकखण्ड निर्माण गर्न सकिन्छ । त्यो पनि नेपाल सरकारको बजेटमा ।

यता निजगढ-काठमाडौं फास्टट्र्याक पनि निर्माणाधीन अवस्थामा छ । समयमै फास्टट्र्याक संचालनमा आउने सम्भावना अझै छैन । किनभने यो बढी महत्वाकांक्षी योजना हो । १५ वर्षअघि आधादर्जन मन्त्रीले सिलान्यास गरेको फास्टट्र्याक त्यसपछि पनि तीनपटक सिलान्यास भइसकेको छ । १५ वर्षअघि ७० अर्ब रुपैयाँमा निर्माण सम्पन्न हुने भनिएको फास्टट्र्याकको लागत बढेर सवा दुई खर्ब रुपैयाँ भन्दा बढी भइसकेको छ । गुणस्तरीय सडक सञ्जालले देशलाई घाटा छैन । अब्यवस्थित अबैज्ञानिक सडकले मात्र घाटा पुऱ्याउने हो । ट्र्याक निर्माण पूरा भएसँगै अध्यक्ष मल्लसहितको टोलीले मनहरी-बोटबारी-रतुवा-चौकीटार-खैराङ हुँदै धादिङको सीमानासम्म मुल सडकबाटै आवतजावत सुरुवात गरेको समाचार आएको छ जुन खुशीको कुरा हो । गाउँपालिकाको टोलीलाई रतुवामा स्थानीयले फूलमाला लगाएर स्वागत गरेका थिए । मनहरीबाट मलेखु जोड्ने छोटो मार्गको ट्र्याक निर्माणको काम पूरा भएको छ, अब वर्षायाममा पनि मनहरीबाट मलेखु निस्कन सक्ने अवस्था बनेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २८ गते शुक्रबार १० मे २०२४ । द्वादशी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:२०, सूर्यास्त ६:४२ । परशुराम जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परीक्षामा सफलता मिल्नेछ | तुला | : धर्मकर्ममा मन जानेछ |
| वृष | : पढाइमा रुचि बढ्नेछ | वृश्चिक | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| मिथुन | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | धनु | : अधुरो काम बन्ने सम्भावना छ |
| कर्कट | : शुभ समाचार मिल्नेछ | मकर | : मित्रहरुबाट सहयोग हुनेछ |
| सिंह | : भाग्योदयको योग छ | कुम्भ | : आफन्तबाट विरोध हुनेछ |
| कन्या | : सहयोगी हातहरु बढ्नेछ | मीन | : पेसाबाट घाटा देखिन्छ |

# इलाम उपचुनावपछि पहिचान राजनीति



✍ चिरन मानन्धर

१७ फागुन, २०७९ मा प्रदेश सभाको पहिलो अधिवेशनको १३औं बैठकमा प्रदेश-१ को नाम कोशी राख्ने प्रस्ताव पारित गरियो । यस प्रस्तावको पक्षमा प्रदेश सरकारमा भएका दलहरू नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राप्रपाका साथै प्रतिपक्षी नेपाली कांग्रेस सहितका ८२ जना प्रदेश सभा सदस्यले मतदान गरेका थिए । पहिचान सहित राज्य पुन:संरचनाको माग राख्दै केही राजनीतिक दल, आदिवासी जनजाति महासंघ लगायत विभिन्न सामाजिक तथा धार्मिक संघ-संस्थाहरूले २०६४ को संविधान सभादेखि नै आन्दोलन गर्दै आएका थिए ।

प्रदेश सभाबाट कोशी नाम पारित गरिएपछि पहिचान पक्षधर राजनीतिक एवं सामाजिक-सांस्कृतिक संघ-संस्थाले राजधानी काठमाडौंमा पनि उक्त नाम खारेज गरी पहिचान सहित नामाङ्कन गर्न आन्दोलन चर्काए । प्रदेश-१ पुन: नामाङ्कन संयुक्त सैर्ष समितिले नेतृत्व गरेको आन्दोलनमा कोशी प्रदेश नामाङ्कनमा मतदान गर्ने ८२ जना प्रदेश सभा सदस्यहरूलाई बहिष्कार गर्ने, सरकारी कार्यालयमा लेखिएको कोशी प्रदेश नाम मेट्ने आदि गरिएको थियो । कोशी प्रदेशको पक्षमा जनमत निर्माणमा संलग्न दल साथै तिनका नेता तथा कार्यकर्ता आन्दोलनकारीको विरोधको तारो बने ।

नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) दल सम्बद्ध प्रदेश सभा सदस्य तथा नेताहरूले पहिचान पक्षधरको आन्दोलन चर्कंदै गएपछि प्रदेशको नाम कोशी राखेर कमजोरी भयो त्यसमा पुनर्विचार गर्न सकिने भनेर आन्दोलनकारीको मागप्रति सकारात्मक देखिए । नेकपा (एमाले) भने नामकरण पुनर्विचारको पक्षमा देखिएन ।

त्यसैले विशेषत: नेकपा (एमाले) सम्बद्ध नेता तथा कार्यकर्तालो आन्दोलनकारीको बढी विरोध सामना गर्नु पर्‍यो । कोशी प्रदेश नामाङ्कनपछि नेकपा (एमाले) भित्रै आदिवासी जनजाति नेता तथा कार्यकर्ता असन्तुष्ट थिए भन्ने सूचना आइरहेको थियो । त्यही पृष्ठभूमिमा कोशी प्रदेशको इलाम-२ मा भएको निर्वाचन पहिचान पक्षधरका लागि तिनले अवलम्बन गरेको नीति र आन्दोलनलाई जनमतको कसीमा पर्गेल्ने अवसर बन्यो । यद्यपि दलहरूका लागि पनि इलाम-२ को उपनिर्वाचन प्रतिष्ठाको विषय थियो ।

प्रदेश सभाले कोशी प्रदेश नामाङ्कन गरेदेखि उपनिर्वाचनसम्म प्रदेश-१ पुन:नामकरण आन्दोलनले पनि निकै आरोह-अवरोह पार गर्‍यो । सरकारसँग वार्ता जारी राख्दै गर्दा आन्दोलन शिथिल हुँदै गइरहेको थियो । विराटनगरस्थित पत्रकार राजु अधिकारी भन्छन्, 'नेकपा एमालेले १४ मंसिर, २०८० बाट सञ्चालन गरेको तीन साता लामो झुलाघाट चिवाभञ्ज्याङ विशेष अभियानका क्रममा पहिचान पक्षधरको बलियो पकड मानिएका पाँचथर, तेह्रथुम लगायत जिल्लामा ठूला सभा गर्न सफल भयो । पहिचान पक्षधर अभियन्ताहरूले छिटपुट विरोध गरे । त्यो विरोधमा आम नागरिकको भने सहभागिता देखिएन । त्यसपछि नेकपा (एमाले) हौसिएको र पहिचान पक्षधरहरूको आन्दोलन रक्षात्मक अवस्थामा पुगेको हो ।'

किरात याक्थुङ चुम्लुङकी केन्द्रीय महासचिव निरन्ती तुम्बापोको भने फरक तर्क छ । उनी पहिचान पक्षधर समुदाय सोही मुद्दा सहित इलाम-२ निर्वाचनमा सहभागी हुनु कोशी प्रदेश प्राप्ति वा पहिचान प्राप्ति संघर्षको अर्को रूप भएको बताउँछिन् ।

निर्वाचनमा प्रदेश-१ पुन: नामाङ्कन संयुक्त संघर्ष समितिबाट स्वतन्त्र साझा उम्मेदवार चयन भएमा उम्मेदवारी त बलियो हुन्थ्यो नै पहिचान पक्षधर विभिन्न घटकबीच एकताको सन्देश पनि जान्थ्यो । त्यसैले स्वतन्त्र उम्मेदवार बन्नै पनि निकै रस्साकस्सी भयो ।

जनमुक्ति पार्टीका केपी पालुङ्वा र कुमार लिङ्देन उम्मेदवारका आकांक्षी थिए । यी दुवै जना राजनीतिक दलसँग आवद्ध भएको र इलाम-२ का मतदाता पनि नभएकाले तुलनात्मक रूपमा स्वतन्त्र छवि बनाएर आन्दोलनमा लागेका र इलाम-२ कै मतदाता पनि भएकाले डकेन्द्र सिंह लिम्बूलाई उम्मेदवार बनाइयो । झापाको दमकमा करिब आठ महिनाअघि भेट्दा उनले आफू विगतमा एमालेको कार्यकर्ता र माङ्सेबुङको लारुम्बामा रहेको धर्मगुरूको अनुयायी भएको बताएका थिए । एमालेको कार्यकर्ता भएका नाताले प्रदेश-१ को नाम पहिचानको आधारमा राख्न उनले उतिबेला सुवासचन्द्र नेम्वाङदेखि एमाले अध्यक्ष केपी ओलीसम्म भेटेर सहयोग मागे ।

जब प्रदेश-१ को नामकरण कोशी प्रदेश राख्न एमालेले नै प्रमुख भूमिका खेल्यो उनको मन फाट्यो । त्यसपछि उनले एमालेसँग मोह भंग भएको बताए । उनी प्रदेश-१ पुन: नामाङ्कन संयुक्त संघर्ष समितिको अगुवाको रूपमा आन्दोलनमा लागे ।

नेकपा (एमाले) का सुवासचन्द्र नेम्वाङले २०५६ सालको निर्वाचनदेखि डकेन्द्र सिंह लिम्बू जस्ता कार्यकर्ताको साथ र सहयोगमा अविच्छिन्न यस निर्वाचन क्षेत्रबाट विजय हासिल गर्दै आएका थिए । उपनिर्वाचनमा नेकपा (एमाले) ले दिवंगत नेता सुवासचन्द्र नेम्वाङको छोरा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाएको थियो । उपनिर्वाचन घोषणा हुनुभन्दा पहिले नेकपा (एमाले) मा उनको राजनीतिक योगदान केही पनि थिएन । त्यसैले सुहाङलाई उम्मेदवार बनाएर नेकपा (एमाले) ले वंशवादलाई प्रश्रय दिएको आरोप पनि लागेको थियो । यद्यपि, नेपाली समाजमा राजनीतिक विरासत र सहानुभूतिको भावनाले पनि उल्लेख्य भूमिका खेल्ने हुनाले दलहरूले नेतृत्वको अवसानपछि परिवारकै सदस्य खोज्ने गरेका दृष्टान्त अनेकौं छन् ।

यसअघिका निर्वाचनहरूमा नेकपा (एमाले) का सुवासचन्द्र नेम्वाङको लागि इलाम-२ मा मत माग्न खटिने डकेन्द्र सिंह लिम्बू यसपटक उनकै छोरा सुहाङ नेम्वाङसँग चुनावी प्रतिस्पर्धामा उत्रिए ।

पहिचानको मुद्दा निर्वाचनमा महत्तवपूर्ण बनेको थियो । स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह लिम्बू त यसकै पक्षधर भइहाले । पहिचानवादीका लागि कोशी प्रदेश नामाङ्कन खारेजीको मुद्दाका साथै पहिचानको मुद्दा जनस्तर सम्म लैजाने यो उपनिर्वाचन उपयुक्त अवसर बनेको थियो । उपनिर्वाचनमा भाग लिएका प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले) र रास्वपाले पनि पहिचानमा विश्वास गर्ने मतदाता आफूतर्फ आकर्षित गर्न आफूहरू पहिचानविरोधी नभएको सन्देश दिन प्रयत्न गरि रहेका थिए ।

नेपाली कांग्रेसका उम्मेदवार डम्मर बहादुर खड्काले आफ्नो चुनावी पर्चामा पहिचानको लडाईंलाई सबैको साझा लडाईंको रूपमा उल्लेख गर्दै उनकै पहलमा नेपाली कांग्रेसका प्रदेश-१ का १४ वटै जिल्ला सभापतिले नेपाली कांग्रेस प्रदेश कार्यसमिति, केन्द्रीय कार्यसमिति र प्रदेश सभालाई विज्ञप्ति र प्रतिनिधि मण्डललाई दबाब सिर्जना गरी वार्ताको प्रयास गरेको दाबी गरेका थिए ।

उनले नेपाली कांग्रेस पहिचानको पक्षमा दृढतापूर्वक उभिने विश्वास पनि दिलाएका थिए । उनको चुनावी पर्चामा कोशी प्रदेश भन्ने नाम उल्लेख नगरी प्रदेश-१ नै उल्लेख गरिएको थियो । नेकपा (एमाले) का उम्मेदवार सुहाङ नेम्वाङले नेकपा (एमाले)ले सधैं आदिवासी, जनजातिका हकअधिकार सुनिश्चित गर्ने काम गरिराखेको दाबी गर्दै महागुरु फाल्गुनन्दलाई राष्ट्रिय विभूति बनाउने मुख्य जिम्मेवारी एमालेले निर्वाह गरेको बताए ।

त्यस्तै रास्वपाका उम्मेदवार मिलन योङहाङ लिम्बूको बाचापत्रमा विभिन्न धार्मिक, जातीय, क्षेत्रीय विभेदको अन्त्य सहित सनातन सभ्यता र संस्कृति पहिचानको संरक्षण गर्ने उल्लेख थियो । उनले चुनावको प्रचारप्रसारको लागि तयार पारेको श्रव्यदृश्य सामग्रीमा पहिचानको विषयलाई यसरी समावेश गरेका थिए– "म मिलन हो पहिचान र विकासको' म यहीं जन्मेको यही माटोमा हुर्के बढेको, पुर्खा, पहिचान र सभ्यताको मुन्धुम पढेको ।"

पहिचान पक्षधर उम्मेदवार र रास्वपाका कारण परम्परागत मत खलबलिएको नागरिकहरू बताउँथे । भलै उपनिर्वाचनमा डकेन्द्र सिंह लिम्बूले ११ हजार ४५७ मत सहित तेस्रो भए । निर्वाचनमा पहिचान पक्षधर स्वतन्त्र उम्मेदवार डकेन्द्रले पाएको मतलाई प्रदेश-१ पुन:नामकरण संयुक्त संघर्ष समितिले एक वक्तव्य मार्फत संसदीय लोकतन्त्रमा पहिचानको राजनीति सुनौलो दिशातर्फ अगाडि बढ्ने अभिमत व्यक्त गरेको रूपमा अर्थ्याएको छ ।

साथै पहिचान र अधिकार प्राप्तिको आन्दोलनलाई सामूहिक राजनीतिक पूँजीमा रूपान्तरण गर्न उत्प्रेरित गरेको उल्लेख गरेको छ । सुहाङको विजय सभामा एमालेका अध्यक्ष केपी ओलीले पहिचानको विरोधमा दिएको प्रतिक्रियाले राज्य सत्ता सञ्चालन गरिराखेको शासक वर्गले चाहे पनि नचाहे पनि यो मुद्दा भविष्यमा थप बलियो रूपमा अगाडि बढ्छ भन्ने देखाउँछ ।

प्रदेश-१ मा पहिचानको आन्दोलनले आकार ग्रहण गरेसँगै पहिचान पक्षधरको क्षेत्रीय दल वा पहिचान पक्षधरको मोर्चाको आवश्यकताको घनीभूत बहस चलिराखेको थियो । यस उपनिर्वाचनले त्यसको आवश्यकता अझ टड्कारो रूपमा खट्किएको आदिवासी जनजाति आन्दोलनका अभियन्ता गोविन्द छन्त्यालको अनुभव छ ।

दल वा मोर्चाको बहस सँगसँगै विगतको अनुभवको आलोकमा पहिचान पक्षधरले केही कुरामा सिंहावलोकन गर्न पनि त्यतिकै आवश्यक छ । पहिचानको सन्दर्भमा आदिवासी जनजातिभित्र पनि कुनै क्षेत्रमा अल्पसंख्यामा रहेका जनजाति नै पनि सशंकित छन् । उदाहरणका लागि इलाम-२ मा लिम्बू र राई समुदायको तुलनामा तामाङ, मगर र गुरूङ समुदायले पहिचानको मुद्दामा अपनत्व ग्रहण कम गरेका थिए । अधिकांश क्षेत्री बाहुन समुदाय त यस मुद्दाको विपक्षमा उभिने नै भइहाले ।

त्यसैले पहिचान पक्षधर आफैंबीच यस मुद्दाबारे स्पष्ट हुन आवश्यक छ । त्यसो नहुँदा पहिचान भन्दाभन्दै यो मुद्दा जातीयताको भासमा फस्ने सम्भावना ज्यादा छ । आफू स्पष्ट भएपछि फरक समुदायका मानिससँग बृहत् संवाद गरेर पहिचानको मुद्दाबारे उनीहरूलाई स्पष्ट पार्न जरूरी छ ।

पहिचान पक्षधरहरूमा लिम्बू समुदायले प्रयोग गर्ने शब्द 'आपुङगी राजा' (अरूभन्दा म नै जान्ने सुन्ने हुँ भनेर बडप्पन देखाउने) हुने प्रवृत्ति र चरित्र निकै छ । त्यसैले पहिचान पक्षधर दल र आन्दोलन विग्रहबाट गुज्रनु परेको हो । यसले पहिचान पक्षधरको शक्ति क्षीण मात्र बनाएको छैन यसलाई बदनाम पनि गराएको छ । यस्ता विषयमा सुधार गर्न सके मात्र उपनिर्वाचनमा पाएको मतले संकेत गरे जस्तै पहिचानको मुद्दा सुनौलो दिशातर्फ अगाडि बढ्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# सुशासन ऐनकै चीरहरण

✍ सागर पण्डित

जुन मुलुकमा सुशासन कायम गर्न, सेवा प्रवाह प्रभावकारी बनाउन तथा देश र जनताको कल्याणको लागि भन्दै बनाइएको ऐन, नियम र कानुनकै चीरहरण गरिन्छ भने त्यो देशले विकास, सुशासन र समृद्धि कसरी हासिल गर्न सक्ला ? अहिले हाम्रो देश नेपाल र हामी जनता यही दुश्चक्रमा छौं ।

सुशासन ऐन निकै पवित्र उद्देश्यले ल्याइएको भए पनि अहिले यसलाई पंगु र निष्क्रिय जस्तै बनाइएको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ कार्यान्वयनमा आएको भनिएको पनि १७ वर्ष भयो । यो ऐनलाई अधिकांश सरकारहरुले पालना नै गरेनन् । कागजमा नै सीमित पारिदिए । विडम्बना मान्नुपर्छ, ऐन आएको १७ वर्षमा नै मुलुकमा भ्रष्टाचार र अनियमितता झन्-झन् बढ्यो । नागरिकले पाउनुपर्ने सेवा प्रवाह पनि अपेक्षित भएन । झन् यस अवधिमा त मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा गयो । शासन फेरियो तर नेता, शासक, प्रशासकहरुको चरित्र फेरिएन ।

जनता 'जुन जोगी आए पनि कानै चिरेको' भनी सरापेर बस्न बाध्य छन् । त्यति राम्रो सुशासन ऐनलाई निष्क्रिय जस्तै बनाइनुले के पुष्टि गर्छ भने, हाम्रा शासकहरुले ल्याउने ऐन, कानुन, नियम र कार्यक्रमहरु कागजमा मात्रै सीमित हुने गरेका छन् । उनीहरु मुलुकमा सुशासन स्थापना गर्न चाहँदैनन् । सुशासन ऐनको उद्देश्यअनुसार सरकारी निकाय अघि बढेको भए आज मुलुकको सुशासनको अवस्था सुदृढ भइसकेको हुन्थ्यो । सुशासन कायमसँगै मुलुकको विकास र समृद्धिको ढोकासमेत खुल्न सक्थ्यो । तर पछिल्ला वर्षहरुमा बढ्दै गएको भ्रष्टाचार र कमिसनतन्त्रले विकास र समृद्धिको यात्रालाई अवरोध सिर्जना गरिदिएको छ । यो सब सुशासन ऐनको चीरहरणको परिणाम हो भन्दा अत्युक्ति नहोला ।

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो-छरितो तथा कम खर्चिलो ढंगबाट पाउने व्यवस्था सिर्जना गर्ने उद्देश्यले आवश्यक मार्गनिर्देशन गर्न सुशासन ऐन ल्याइएको थियो । साथै प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सो ऐनको मुख्य उद्देश्य रहेको थियो ।

सो ऐनमा प्रशासन सञ्चालनका प्रमुख आधारहरुसमेत किटान गरिएको छ । जसअनुसार शासक-प्रशासकले कार्य गर्दा राष्ट्र र जनताको बृहत्तर हित हेरेर गर्नुपर्ने, समन्याय र समावेशीकरणमा जोड दिने, कानुनको शासन, मानवअधिकारको प्रत्याभूति, पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमानदारिता, आर्थिक अनुशासन एवं भ्रष्टाचार मुक्त, चुस्त र जनमुखी प्रशासन, प्रशासन संयन्त्रको तटस्थता र निष्पक्षतालगायतलाई ध्यान दिनुपर्ने उल्लेख छ ।

यो ऐनमा मन्त्रीहरुले गर्ने काम, मुख्य सचिव, सचिव तथा कार्यालय प्रमुखले गर्ने काम र जिम्मेवारी स्पष्टसँग किटान गरिएको छ । यसै गरी राष्ट्रसेवामा रहेका सबै राष्ट्रसेवकहरुले जिम्मेवारी निर्वाह गर्ने क्रममा पेसागत आचरणको पूर्ण पालना गर्नुपर्ने र त्यस्तो आचरण सम्बन्धित निकायले बनाउनुपर्ने प्रावधानसमेत ऐनमा समेटिएको छ ।

यस्तै सो ऐनमा प्रशासनिक कार्यसम्पादन गर्दा अपनाउनुपर्ने कार्यविधि बनाउनुपर्ने प्रावधान राखिएको छ भने प्रशासक तथा मुख्य जिम्मेवारीमा रहनेले निश्चित समयभित्र निर्णय गर्नुपर्ने, निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने, स्वार्थ बाझिएमा निर्णय गर्न नहुने व्यवस्था पनि सुशासन ऐनमा राखिएको छ । यसै गरी सो ऐनमा अधिकारीहरुले आफ्नो जिम्मेवारी पन्छाउन नहुने, कार्यसम्पादन करार गर्नुपर्ने लगायतका महत्वपूर्ण प्रावधानसमेत रहेका छन् । यस्तै प्रत्येक मन्त्रालयमा शासकीय सुधार इकाइको स्थापना गर्नुपर्ने, सार्वजनिक सुनुवाइ गर्नुपर्ने, गुनासो व्यवस्थापन संयन्त्र बनाउनुपर्ने, अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित बनाउनुपर्ने प्रावधानसमेत ऐनमा राखिएका छन् ।

मुलुकमा सुशासन कायम गर्ने र सर्वसाधारणलाई समयमा नै त्यसेको प्रतिफल उपलब्ध गराउनु र प्रचलित कानुनबमोजिम सरकारको प्रशासनिक कार्य छिटोछरितो ढंगले सञ्चालन गर्नु सरकारका सबै प्रशासक र अन्य कर्मचारीको जिम्मेवारी हो । सोही अनुसार नै ऐनले मन्त्री, मुख्य सचिव, सचिवलगायतको जिम्मेवारी निर्धारण गरिदिएको हो । यस ऐनमा मुलुकको प्रमुख प्रशासकीय अधिकारीको रुपमा रहेका मुख्य सचिवको जिम्मेवारीलई पनि बडो स्पष्टताका साथ उल्लेख गरिएको छ र निकै महत्वपूर्ण जिम्मेवारी दिइएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रशासकीय प्रमुख मुख्य सचिव रहने भए पनि हाम्रा कतिपय मुख्य सचिवहरु विगतदेखि नै प्रधानमन्त्रीको कारिन्दाजस्ता हुन पुग्दा धेरै समस्या आएको हो । साथै मुख्य सचिवले अन्य सचिव तथा मन्त्रालयले गरेको कार्यको सुपरिवेक्षण गर्ने तथा सचिवले सम्पादन गर्नुपर्ने प्रशासकीय कार्यको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नुपर्छ । मुलुकको प्रशासन यन्त्रलाई चुस्त, फूर्तिलो बनाउन सरकारका सचिव तथा अन्य कर्मचारीलाई उत्प्रेरित गर्ने काम पनि मुख्य सचिवको हो ।

यसै गरी मुख्य सचिवको अन्य जिम्मेवारीमा विभिन्न मन्त्रालय तथा केन्द्रिय तहका कार्यालयहरुको प्रशासनिक काम कारबाहीको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने/गराउने, सरकारको निर्णयको लागि सचिवले पेस गरेको प्रस्तावमा आवश्यक कुराहरु पुगे/नपुगेको जाँची प्रस्तावलाई मन्त्रिपरिषद्मा पेस गर्ने तथा अंग नपुगेको पाइएमा प्रस्तावहरु फिर्ता पठाउने काम मुख्य सचिवले गर्नुपर्छ । तर हाम्रा मुख्य सचिवहरुले यो जिम्मेवारी बहन गर्न नसक्दा प्रशासन निम्सरो भएको छ । शासकीय व्यवस्था पनि विरुप हुन पुगेको छ । भ्रष्टाचार र कुशासन अत्यधिक बढेको छ ।

विगतदेखि अहिलेसम्म आइपुग्दा ठूला-ठूला नीतिगत भ्रष्टाचारहरु भएका छन् । ती मध्ये कतिपय सार्वजनिक भए, कतिपय गोप्य नै रहँदै आएका छन् । यो सबै मुख्य सचिव र सचिवहरुले सुशासन ऐनअनुसार काम गर्न नसक्दा र प्रधानमन्त्री, मन्त्रीको 'एस म्यान'को रुपमा कारिन्दाजसरी काम गर्दाको परिणाम हो ।

हाम्रा मुख्य सचिवहरु नाममात्रैका भएका छन् । आफ्नो शक्ति प्रयोग गर्न नसक्दा उनीहरुले बदनामीको भारी बोक्न बाध्य छन् । ललितानिवास प्रकरणमा तत्कालीन मुख्य सचिवले समेत प्रहरीसमक्ष बयान दिनुपर्ने अवस्था आएको विदितै छ ।

यसै गरी मन्त्रालयको प्रमुख प्रशासकीय भूमिकामा रहने सचिवहरुले पनि आफ्नो भूमिकाअनुसार काम गर्न सकेका छैनन् । सुशासन ऐनले उनीहरुको भूमिकालाई पनि स्पष्ट पारि दिएको छ । जसअनुसार सचिवहरुले सरकारले प्रतिपादन गर्नुपर्ने नीतिका सम्बन्धमा सम्बन्धित मन्त्रीलाई सघाउने, मन्त्रालयको नीतिगत सुधारमा मन्त्रीलाई सल्लाह दिने र योजना बनाउने, मातहतका कार्यालय र सबै कर्मचारीको व्यवस्थापन, दैनिक कार्य सञ्चालन गर्ने तथा कर्मचारीमाथि नियन्त्रण तथा सुपरिवेक्षण गर्ने, सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्ने, मातहतमा रहेका राजपत्रांकित द्वितीय श्रेणीसम्मका कर्मचारीको सरुवा वा पदस्थापन गर्ने र काज खटाउने, सचिव बैठकको निर्णय कार्यान्वयन गराउने, मातहतका निकायका अधिकारीहरुले जिम्मेवारीअनुसार काम गर्न नसकेमा कारबाही गर्ने, विभिन्न आयोजनाहरुको नियमित अनुगमन गरी गल्ती-कमजोरी हुन नदिने लगायतका मुख्य जिम्मेवारी सचिवहरुको हो ।

हाम्रो राजनीति र प्रशासनमा सबैभन्दा ठूलो समस्या भनेकै उनीहरुको बोली, व्यवहार र गराइ हो । बोलीमा उनीहरु एकै रातमा सुशासन ल्याइदिने उद्घोष गर्छन् तर व्यवहार ठीक उल्टो छ । भएका ऐन-नियम पालना गर्नुको साटो उल्लैन गरेर ऐन-नियम कमजोर बनाइदिन्छन् । सुशासन ऐनको पालनामा उनीहरु नराम्ररी चुके ।

उनीहरुले सुशासन ऐनले दिएको जिम्मेवारीलाई चटक्क बिर्सिए । त्यसैले मुलुक कुशासनको दलदलमा नराम्ररी फस्दै आइरहेको हो । अझै उनीहरुले यसरी नै भ्रष्टाचार र कुशासनको साम्राज्य खडा गर्दै गए भने मुलुक झनै असफल राष्ट्रको रुपमा दर्ज हुन सक्ने भय रहन्छ । त्यसैले नागरिक समाजबाट नै अब सशक्त दबाब चाहिन्छ । सुशासन ऐनको प्रभावकारी कार्यान्वयनमा शासक-प्रशासकलाई खबरदारी गर्नु अहिलेको आवश्यकता हो ।

*(साभार: नेपाल समाचार-पत्र)*

# सुरुङ 'ब्रेक थ्रु' पछि पनि सुनकोशी-मरिणको प्रगति ३० प्रतिशत मात्र



काठमाडौं । राष्ट्रिय गौरवको सुनकोसी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ बुधबार 'ब्रेक थ्रु' (छिचोलिएको) छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले उक्त सुरुङको ब्रेक थ्रु गरेका हुन् । सिन्धुली र रामेछाप सीमानामा रहेको सुनकोसी नदीको पानीलाई बाँध बाँधी १३.३ क्लिोमिटर लामो सुरुङमार्फत मरिण नदीमा खसालेर बागमती नदी हुँदै बागमती सिँचाइ आयोजनामा पुऱ्याइने छ ।

त्यसपछि धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको १ लाख २२ हजार हेक्टर जमिनमा बाह्रैमास सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यसहित अगाडि बढेको आयोजनाको सुरुङ ब्रेक थ्रुपछि पनि समग्र भौतिक प्रगति भने २९.९३ प्रतिशतमात्र छ । आयोजना निर्देशक मित्र बरालका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा आयोजनाको लक्ष्यअनुसार भने भौतिक र वित्तीय प्रगति राम्रो देखिएको छ ।

आयोजनाको समष्टिगत भौतिक प्रगति ३० प्रतिशत र चालु आव हालसम्मको भौतिक प्रगति १२५.७५ प्रतिशत छ । आयोजनाको समग्र वित्तीय प्रगति २७.७३ प्रतिशत र चालु आवको वित्तीय प्रगति ९२.१५ प्रतिशत पुगेको छ ।

२०७६/७७ मा सुरु भएको आयोजना २०८५/८६ मा सक्ने लक्ष्य छ । सुरुङ ब्रेक थ्रु गर्न आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले आयोजनाको बाँकी कामसमेत निर्धारित समयमा नै सम्पन्न गर्ने प्रतिबद्धता जनाए ।

आयोजना ४९ अर्ब ४२ करोड ३१ लाख लागतमा निर्माण हुँदैछ । यो आयोजनाबाट सिँचाइ सहित मरिण नदीमा पानी पथान्तरण गरी प्राप्त हुने ६६.२९ मिटरको 'ग्रस हेड' उपयोग गरी ३१.०७ मेगावाट जलविद्युत् उत्पादन लक्ष्यसमेत लिइएको छ ।

यो आयोजनाले मधेश प्रदेशका पाँच उर्वर भूमि रहेका जिल्लामा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याइ कृषि उत्पादकत्व बढाउने र जलविद्युत् उत्पादनबाट समग्र अर्थतन्त्रमा टेवा पुग्ने जनाइएको छ । तर, जुन गतिमा सुरुङ खन्ने काम सम्पन्न भयो, सोही गतिमा अन्य काम अगाडि नबढ्दा भने तोकिएको समयमा समग्र आयोजना सम्पन्न हुनेमा भने अझै शंका छ ।

**कुन-कुन संरचना निर्माण हुँदैछन् ?**

आयोजना अन्तर्गत सिन्धुली खुर्कोटदेखि दुई किलोमिटर माथि (सुनकोसी र तामाकोसी दोभानभन्दा करिब ९ सय मिटर तल) सुनकोसी नदीमा हेडवर्क्स (ब्यारेज) निर्माण हुनेछ । विद्युत् गृह, सर्ज साफ्ट, स्विचयार्ड भने सिन्धुली कमलामाई नगरपालिका-२ कुसुमटारमा रहने गरी डिजाइन गरिएको छ, जुन मरिण नदी किनारमा पर्छ ।

सुनकोसी नदीबाट ६७ घनमिटर प्रतिसेकेन्ड पानी मरिण नदीमा खसाली धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारामा सिँचाइ सुविधा पुऱ्याइने छ । सुनकोसी नदीमा हेडवर्क्स सहित इन्टेक, सेटि्लङ बेसिन, पावर कल्भर्ट तथा अन्य आवश्यक संरचना निर्माण गरिने छ । यो आयोजनाका कारण लोकमार्ग समेत डुबानमा पर्ने भएपछि त्यसलाई स्थानान्तरण समेत आयोजनासँगै अगाडि बढाउनुपर्ने भएको छ ।

**पटक-पटकको समस्याबीच टीबीएमको सफल प्रयोग**

आयोजना अन्तर्गत पहिलो चरणको काम सुरुङ निर्माणको थियो । जसका लागि चाइना ओभर्सिस इन्जिनियरिङ ग्रुप कम्पनी (कोभेक) ले निर्माण जिम्मा पाएको थियो । २० फागुन २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आयोजना शिलान्यास गरेका थिए । त्यहाँ 'टनेल बोरिङ मेसिन' (टीबीएम) प्रयोग गरी सुरुङ खनिएको हो ।

कुल १३.३ किलोमिटर लामो सुरुङ खन्ने काम भने २८ असोज २०७९ बाट सुरु भएको थियो । खन्न सुरु गरेको दुई वर्षमा सक्ने लक्ष्य लिइए पनि सुरुङ पाँच महिना अगाडि नै खनिसकिएको हो । यसका लागि टीबीएम र आयोजनाले विश्वकीर्तिमान कायम गरेको निर्माण कम्पनीले दाबी गरेको छ । यद्दपि, यो आयोजनामा प्रयोग भएको टीबीएमलाई नै रोक्ने गरी जमिनभित्र आएको अवरोधले चार पटकसम्म काम रोकिएको थियो ।

आयोजनाका अनुसार प्रतिकुल भौगोलिक अवस्थाका कारण टीबीएम अगाडि बढ्न नसक्ने प्रकृतिको समस्याले पहिलो पटक ५ जनवरी २०२३ मा मेसिन रोकिएको थियो । त्यसबेला बाइपास सुरुङ निर्माण गरेर रासायनिक इजेक्सन गरी समस्या समाधान गरिएको थियो । दोस्रो पटक ३१ मार्च २०२३ मा समेत सोही समस्या देखिएको थियो । तर, समस्या समाधान गरी एक महिनापछि २६ अप्रिल २०२३ मा काम सुचारु भएको थियो ।

आयोजनाका अनुसार त्यसबेला समेत टीबीएमको कटर हेडको माथि तथा दाँयाबाँयाबाट समेत धुलो झर्ने समस्या देखिएको थियो । त्यसैगरी तेस्रो पटक अक्टोबर २०२३ मा टीबीएम अड्किएको थियो । १० अक्टोबर २०२३ मा मेसिन अड्किएपछि बाइपास सुरुङ बनाएर १३ दिनको प्रयासमा २३ अक्टोबरबाट मेसिन सुचारु गरिएको थियो ।

अन्तिम पटक रोकिएको समस्या समाधान गरी पुनः सुरुङ खन्ने कामलाई गति दिइएको थियो । आयोजनामा टीबीएमले एक महिनामा १ हजार ५०३.३ मिटर सुरुङ खनेर रेकर्ड राखेको छ । बुधबार भएको सफल ब्रेक थ्रुसँगै नेपालको दोस्रो आयोजनामा टीबीएमको सफल प्रयोग भएको छ । यसअघि भेरी-बबई डाइभर्सन परियोजनामा यसको सफल प्रयोग भइसकेको छ ।

**दोस्रो चरणका कामको प्रगति के छ ?**

आयोजना प्रमुख बरालका अनुसार दोस्रो चरणको कामअन्तर्गत बाँध, सर्ज साफ्ट, विद्युत् गृह र हाइड्रो मेकानिकल लगायत संरचना निर्माणको काम रहेको छ । यसका साथै खुर्कोटबाट करिब दुई किलोमिटर काठमाडौंतर्फ सुनकोसी नदीमा १ सय ५८ मिटर लम्बाइको बाँध निर्माण हुँदा बीपी राजमार्गको ९ सय ६५ मिटर सडक डुबानमा पर्ने छ । साथै, सडकको केही भागमा बाँधको संरचना इन्टेक, अप्रोच कल्भर्ट, सेटि्लङ बेसिन, हेडपन्ड जस्ता संरचनासमेत बन्ने भएका छन् । यसरी कुल २.९६ किलोमिटर सर्भिस रोड निर्माण काम जारी छ ।

हेडवर्क्स निर्माण गर्न निर्माण व्यवसायी पटेल-रमण जेभीसँग १४ अर्ब ७ करोड ५९ लाख रुपैयाँमा ठेक्का सम्झौता भइसकेको छ । साथै, निर्माण कम्पनीबाट प्रारम्भिक तयारीका काम सुरु गरिसकेको आयोजनाले जनाएको छ । इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान कार्यअन्तर्गत त्यसको लागत अनुमान तयारी कार्य भइरहेको आयोजनाको भनाइ छ । १३२ केभी ट्रान्समिसन लाइन निर्माण कार्यअन्तर्गत प्रारम्भिक वातावरणीय परीक्षणको काम जारी छ ।

मरिण नदी नियन्त्रण अन्तर्गत प्याकेज १ (दुई किलोमिटर सम्म) तटबन्ध निर्माण कार्यका लागि जय माा स्वर्गद्वारी-सिद्धकाली-कालिका भगवती जेभीसँग ७ करोड १३ लाख रुपैयाँमा सम्झौता भई निर्माण सुरु भएको छ । साथै, मरिण नदी नियन्त्रण कामअन्तर्गत प्याकेज २ को लागत अनुमान तयारीको काम भइरहेको आयोजनाले जनाएको छ । जग्गा अधिग्रहण अन्तर्गत सिन्धुली तर्फको मूल्यांकन र वितरणको काम सकिएको छ ।

रामेछापतर्फ डुबानमा पर्ने जग्गा मूल्यांकन भई मुआब्जा वितरणको काम अन्तिम चरणमा पुगेको छ । वातावरणीय व्यवस्थापन योजना अन्तर्गत डुबान प्रभावित क्षेत्रमा दुइटा लिफ्ट सिँचाइ निर्माण सम्झौता सम्पन्न भई निर्माणको काम भइरहेको छ । यस आयोजनामार्फत सुनकोसी तावा (कमला) डाइभर्सन बहुउद्देश्यीय आयोजनाको प्रारम्भिक अध्ययनको काम समेत अन्तिम चरणमा रहेको आयोजनाले उल्लेख गरेको छ ।

साथै, सिन्धुली कुसुमटारमा रहेको मरिण नदीमा पानी खसाली ३१.०७ मेगावाट विद्युत् उत्पादनपछि ६७ घनमिटर पानी बागमती दोभानसम्म पुग्दा उपलब्ध हुने हेडबाट कास्केड गरी उत्पादन हुन जाने कास्केड पावर जेनेरेसनको पूर्व सम्भाव्यता अध्ययनको काम समेत भइरहेको आयोजनाको भनाइ छ ।

**यस्तो छ प्रधानमन्त्रीको प्रतिवद्धता**

प्रधानमन्त्री दाहालले यो आयोजना कार्यान्वयनमा आएपछि राष्ट्रिय अर्थतन्त्रमा गुणात्मक योगदान पुग्ने बताए । प्रधानमन्त्री दाहालले आयोजना सम्पन्न भएपछि सिँचाइ प्रणालीमा सुधार भएर कृषि उत्पादन वृद्धि हुने विश्वास व्यक्त गरे ।

सुनकोसी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना रूपान्तरणकारी राष्ट्रिय गौरवको आयोजना भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आयोजनाहरू सम्पन्न हुँदा उत्पादकत्व अभिवृद्धि र समृद्धिको लक्ष्यमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे ।

'सुरुङमार्गको ब्रेक थ्रु सम्पन्न हुँदा हामी सबैमा नयाँ ऊर्जा र प्रेरणा मिलेको छ, ठूला पूर्वाधार निर्माणमा उत्साह थपेको छ,' प्रधानमन्त्री दाहालले भने । ठूला पूर्वाधारहरूको सफल निर्माणबाट नै नेपालमा सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य हासिल हुने भएकाले आयोजना समयमै सम्पन्न गर्न उनले निर्देशन दिए ।

देशको रूपान्तरणकारी राष्ट्रिय गौरवको आयोजनालाई प्रभावकारी रूपमा सम्पन्न गर्ने कार्यमा आ-आफ्नो ठाउँबाट समन्वय र सहयोग गर्न उनले अपिल गरे । यस आयोजनाको सफल कार्यान्वयनबाट जलस्रोत तथा सिँचाइ क्षेत्रमा कार्यरत प्राविधिकहरूको नयाँ प्रविधि उपयोग गर्दै प्राविधिक दक्षता हासिल गरेको उनले बताए । प्रधानमन्त्री दाहालले जलस्रोतको संयोजनात्मक रूपमा उपयोग गरी उर्वर भूमिबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयात असन्तुलन कम गर्न मद्दत पुग्ने बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'खजुरे ब्रो' प्रिमियर : सन्ध्या भन्छिन्, 'नीतिको अभिनय नेचुरल'



काठमाडौं/यही शुक्रबारबाट प्रदर्शनमा आउन लागेको फिल्म 'खजुरे ब्रो'बाट पूर्व मिस इन्टरनेशनल नेपाल नीति शाहले डेब्यु गरेकी छन् । उनकै नामका कारण फिल्मको पनि चर्चा भइरहेको छ । फिल्ममा डेब्यु अगाडि नै 'लाइमलाइट'मा रहेकी नीतिको अभिनयलाई लिएर धेरैमा चासो देखिन्छ । मंगलबार साँझ काठमाडौंको सिभिल मलस्थित क्यूएफएक्स हलमा भएको फिल्मको प्रिमियरमा उनको अभिनयको परीक्षण भयो ।

नीतिको पहिलो फिल्म भएकाले प्रिमियरमा उनी नजिकका अभिनेत्रीदेखि पूर्व मिस नेपालसम्मको उल्लेख्य उपस्थिति देखिएको थियो । अभिनेत्री सन्ध्या केसीले नीतिको अभिनय 'नेचुलर' रहेको भन्दै प्रशंसा गरिन् । 'नीतिको अभिनय 'नेचुरल' छ । र, उसलाई ठूलो पर्दामा देख्दा रमाइलो लाग्यो । फिल्म राम्रो छ,' उनले भनिन् । अर्की अभिनेत्री शुभेक्छा खड्काले फिल्म रमाइलो बनेको प्रतिक्रिया दिँदै नीतिलाई पर्दामा हेर्दा खुसी लागेको बताइन् ।

मोडल ओसिन सिटौलाले फिल्म 'रिफ्रेसिङ' लागेको अनुभव सुनाइन् । फिल्ममा नीति एकदमै सुन्दर देखिएको समेत उनको भनाई थियो । फिल्म हेर्न नीतिका आमा-बुबा पनि प्रिमियरमा पुगेका थिए । दुवैले पहिलो प्रयासमा पनि छोरीले राम्रो काम गरेकोमा खुसी व्यक्त गरे । नीतिका बुबाले भने- 'उसले चाहेको कुरा राम्रोसँग गरेको छ । उसको काम हेर्दा खुसी लाग्यो । पहिलो प्रयासमा जति गरेको छ, धेरै राम्रो छ ।'

प्रिमियरमा मिलेको प्रतिक्रियाले खुसी देखिएकी नीतिले फिल्ममा आफूले राम्रो काम गर्ने प्रयास गरेको बताइन् । 'मेरो पहिलो फिल्म हो । मैले आफ्नो तर्फबाट १ सय १० प्रतिशत दिएकी थिएँ,' उनी भन्छिन्, 'अरु फिल्ममा आफ्नो अभिनय क्षमता अझै निखार्दै जानेछु । यो अवसर दिनुभएकोमा निर्देशक सहित सबैलाई धन्यवाद भन्छु ।'

फिल्ममा खजुरे पात्रको भूमिकामा अभिनय गरेका अभिनेता रेअर राईले फिल्मका लागि आफूले ११ केजी तौल बढाएको अनुभव सुनाए । उनले विरामी हुँदा पनि फिल्ममा काम गरेका रहेछन् । 'फिल्मका लागि एक महिनामा ११ केजी मोटाएको थिएँ । कति दिनसम्म नुहाइनँ । फोहोर र धुलोले गर्दा म विरामी परेको थिएँ । एक हप्ता त मैले एन्टीबायोटिक खाएरै सुटिङ गरेको थिएँ । काम गर्दा दु:ख पनि भयो र मज्जा पनि आयो । अहिले पर्दामा हेर्दा खुसी लाग्यो,' उनले भने ।

फिल्मका अर्का अभिनेता महेश त्रिपाठीले प्रिमियरमा प्राप्त प्रतिक्रियाले उत्साहित बनाएको बताए । 'प्रतिक्रिया राम्रो पाएँ । फिल्म हेर्दा 'इन्जोय' गर्नुभएको छ,' उनले भने, 'फिल्म सुरु हुनुभन्दा अगाडि मलाई डर थियो । तर, हलबाट निस्किँदा सबैले बधाई दिएपछि एककिसिमले मन शान्त भएको छ ।' उनले फिल्ममा धरानको पात्रमा अभिनय गर्न गाह्रो भएको पनि अनुभव सुनाए ।

फिल्मको प्रिमियरमा पूर्व मिस नेपाल प्रियंका रानी जोशी, अभिनेत्री मलिका महत, भ्लगर सिसन बानियाँ, निर्देशकहरु लक्ष्मण सुवेदी, बसन्त निरौला, लेखक प्रदीप भारद्वाज, निर्माता किरण नेपाली लगायतको पनि उपस्थिति रहेको थियो । प्रिमियरमा नीति नजिकका धेरै सहकर्मीहरु उपस्थित भए पनि मिडियामा प्रतिक्रिया दिने समयमा प्रायः लाखापाखा लागि सकेका थिए ।

सुरज सुनुवारको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा नवीन मानन्धर, विनिता थापा, पुष्कर कार्की, प्रकाश भुजेल, मनिष राउत, प्रेम सुब्बा, सुजाता राई, दीपचन्द्र राई, शान्तिला तामाङ लगायतको पनि अभिनय छ । नवीन मानन्धर र सुरज सुनुवार निर्माता रहेको फिल्ममा सुनिल श्रेष्ठ, अनिल मानन्धर र पिकेश मानन्धर सह-निर्मातामा छन् । डायमण्ड उप्रेती कार्यकारी निर्माता हुन् ।

# सलोन र करिश्मालाई पुत्रीलाभ



काठमाडौं/अभिनेता सलोन बस्नेत र उनकी श्रीमती करिश्मा केसी अभिभावक बनेका छन् । बुधबार मातातीर्थ औंसीको दिन उनीहरुलाई पुत्रीलाभ भएको हो । ललितपुर भैंसेपाटीस्थित मेडिसिटी अस्पतालमा करिश्माले बिहान साढे ८ बजे पहिलो सन्तानको रुपमा छोरीलाई जन्म दिएकी हुन् । उनलाई प्रसव पीडा भएपछि मंगलबार राति अस्पताल भर्ना गरिएको थियो ।

सलोनका पिता तथा फिल्म निर्देशक शोभित बस्नेतले आमा र बच्चा दुवैको स्वास्थ्य राम्रो रहेको जानकारी दिए । सलोन र करिश्माले गत वर्ष विवाहको पहिलो वर्षगाँठको अवसरमा आफूहरु अभिभावक बन्न लागेको जानकारी गराएका थिए । त्यसबेला उनीहरुले छोरी भए 'सलोमा' नाम राख्ने समेत जनाएका थिए । सलोन र करिश्मालाई 'सलोमा' जोडी भन्ने गरिन्छ ।

२०७९ सालको मंसिर १२ गते उनीहरुले करिब तीन वर्ष लामो प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेका थिए । उनीहरुले केही म्यूजिक भिडियोमा एकसाथ काम पनि गरेका छन् । करिश्मा पेशाले भने एयर होस्टेस हुन् । सलोन चाँडै आफ्नो लगानीमा फिल्म 'यूनिभर्सिटी अफ गुण्डाज्' निर्माणको तयारीमा छन् । यसमा उनी स्वयंको अभिनय रहनेछ ।

# चल सम्पत्ति पनि धितो स्वीकार हुने गरी कानुन बन्दै

काठमाडौं/चल सम्पत्ति पनि धितोका रूपमा योग्य हुने गरी सुरक्षित कारोबार सम्बन्धी ऐन संशोधन हुने भएको छ । सुरक्षित कारोबार सम्बन्धी पहिलो संशोधन विधेयक-२०८० को प्रतिवेदन विधायन व्यवस्थापन समितिले पारित गर्दै विधेयक राष्ट्रिय सभामा पेस गर्ने भएको हो ।

संशोधित विधेयकमा धितो हक सिर्जना हुँदाका बखत धितोको सम्पत्तिका रूपमा रहेको अधिकार पत्र लगायत चल सम्पत्ति नेपालमा रहेको भए उक्त धितोका सम्बन्धमा ऐन लागु हुने प्रस्ताव गरीएको छ ।

यस्तै नेपालमा रहने आधार देखिएको चल सम्पत्ति वा त्यस्तो सम्पत्ति सामान्यतया एकभन्दा बढी मुलुकमा प्रयोगमा आउने गरेको र उक्त सम्पत्ति धितो दिने व्यक्ति नेपालमा बसोबास गरी त्यस्तो धितो नेपालमा रहेको भए पनि ऐन लागु हुने प्रस्ताव गरिएको छ ।

यस्तै धितोको सम्पत्तिका रूपमा रहेको बहीखाता लगायत चल सम्पत्ति र त्यस्तो धितोको सम्पत्ति नेपालमा रहने भए पनि त्यसलाई ऐन लागु हुने प्रस्ताव गरिएको छ । संशोधन विधेयकमा चल सम्पत्तिको परिभाषामा चल सम्पत्ति बाहेक जडित सामान, उत्खननका लागि अनुमतिप्राप्त खनिज पदार्थ, काट्नुपर्ने रुखलगायत व्यक्तिको कुनै पनि प्रकृतिको मूर्त वा अमूर्त सम्पत्ति हुने उल्लेख छ ।

चल सम्पत्ति शब्दले भविष्यमा सिर्जना हुने सम्पत्ति, बहीखाता, मालसामान, बैंक खाता, धितोको सम्पत्तिबाट प्राप्त लाभ वा मुलुक बाहिर रहेको चल सम्पत्तिलाई समेत जनाउने उल्लेख छ । तर, धितोको सम्बन्धमा भने नेपालमा रहेको सम्पत्तिमा मात्रै उक्त ऐन लागु हुने गरी संशोधन प्रस्ताव आएको हो । विधायन व्यवस्थापन समितिमा दफाबार छलफलपछि समितिको बुधबार बसेको बैठकले प्रतिवेदनसहित विधेयक पारित गरेको हो । विधेयक अब राष्ट्रिय सभामा पेस हुनेछ । पारित भएको प्रतिवेदन चाँडै राष्ट्रिय सभा बैठकमा प्रस्तुत गरिने समिति सभापति जयन्ती राईले बताइन् ।

पहिलो पटक २०६३ सालमा सुरक्षित कारोबार ऐन आएको थियो । तर, ऐनको प्रभावकारी कार्यान्वयन नभएपछि सरकारले ४ चैत २०८० मा अर्थ मन्त्रालयमार्फत राष्ट्रिय सभामा ऐनको पहिलो संशोधन विधेयक सम्बन्धी प्रस्ताव दर्ता गराएको थियो ।

समितिले प्रतिवेदनसहित राष्ट्रिय सभामा पेस गर्ने विधेयक राष्ट्रिय सभा र प्रतिनिधिसभाबाट पारित भए चल सम्पत्तिको धितोसमेत उक्त ऐनले स्वीकार गर्ने छ ।

*(स्रोत: अनलाइनखबर)*

# सरकारलाई उपेन्द्रको सकसपूर्ण समर्थन

काठमाडौं/अमेरिकाबाट काठमाडौं फर्केको भोलिपल्टै उपप्रधानमन्त्री उपेन्द्र यादव मंगलबार बिहान प्रधानमन्त्री निवास गए । एमालेसहितको नयाँ सत्ता गठबन्धनलाई नेतृत्व गरिरहेका प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग बसेर 'परिस्थितिलाई स्पष्ट पार्ने' काम भएको उनको भनाइ थियो । नेपालको राजनीति अहिले यस्तो चरणमा प्रवेश गरेको छ, जहाँ आफ्नै साझेदारले साझेदारीप्रति आफ्नो प्रतिवद्धताबारे छिनछिनमा स्पष्ट पार्नु परिरहन्छ । यादवले प्रधानमन्त्रीसँग त्यही कोणबाट कुरा भएको संचारकर्मीसँग सुनाएका थिए ।

प्रधानमन्त्रीले पनि 'फुट्नु राम्रो होइन, मिल्नुस्' भनी आफूलाई सल्लाह दिएको यादवले बताएका थिए । तर यति सरसल्लाहले उनलाई पुग्नेवाला थिएन । प्रतिनिधिसभामा १२ सिट सांसद रहेको जसपा नेपाल फुटाउँदै अशोक राई, राजेन्द्र श्रेष्ठ लगायतले जसपा गठन गरेपछि यादवले त्यसबारे आफ्नो धारणा राख्न बुधबार पत्रकार सम्मेलन गरे ।

उनले राई, श्रेष्ठ लगायतलाई आफू विदेशमा रहेका बेला पार्टी चलाउनुस् भनेको, तर उल्टै विभाजन गरेको भन्दै गुनासो गरे । सकिन्छ भने अझै पनि फर्कन आह्वान गर्छु भनी फकाउन खोजे ।

समग्र पत्रकार सम्मेलनमा यादवको प्रस्तुति सुन्दा उनी रक्षात्मक रहेको बुझ्न कठिन थिएन । तर एउटा प्रश्नमा भने यादवले आफ्नो भावभंगी बदले । त्यो प्रश्न सरकारलाई दिइआएको समर्थनबारेमा थियो ।

प्रचण्ड मन्त्रिपरिषद्का एक उपप्रधानमन्त्री तथा अहिलेको सत्ता समीकरणका साझेदारलाई नै लक्षित गरेर यो प्रश्न सोधिनु आफैंमा रोचक थियो । त्यसउपर यादवले जवाफ दिए, 'हाम्रो समर्थनमा फेर बदल भएको छैन, तर बाँकी कोर्स कसरी जान्छ भन्ने त, अब एक हातले ताली बज्दैन । उहाँहरु स्टेकहोल्डरहरुले (प्रचण्ड र सत्ता साझेदार) के गर्नुहुन्छ भन्ने उहाँहरु तर्फको कुरा हो ।'

यादवको भनाइको सार खिच्दा 'परिस्थितिलाई स्पष्ट पार्ने' प्रयास मंगलबार सम्पूर्ण रुपमा सफल भएको थिएन भन्ने बुझिन्छ । त्यसैले यादवले यो पनि थपे, 'तर यसो गर्नुभयो भने (हामीलाई हटाउनुभयो भने) राजनीतिक अस्थिरताको जिम्मेवारी, बर्बादीको जिम्मेवारी पनि लिनुपर्ने हुन्छ । हामी अस्थिरताका कारक होइनौं ।' यादवले स्पष्ट पारे कि आफू यो गठबन्धनमा अझै पनि रहन चाहँदाचाहँदै हट्ने, हटाइने स्थिति आयो भने नयाँ सरकार निर्माणको कोर्समा उनी लाग्न सक्छन् ।

त्यस्तो अवस्थामा उत्पन्न हुने अस्थिरताको जिम्मा चाहिँ उनले लिने छैनन् । बरु त्यो जिम्मा प्रधानमन्त्री र अरु नेताले लिनुपर्ने यादवको बोलीको आशय थियो ।

अध्यक्ष यादवले आसन्न महाधिवेशनलाई लक्षित गर्दै पार्टी फुटाइएको जिकिर गर्दै आएका छन्, जबकि प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष केपी ओलीलगायतको आशंकाचाहिँ यादवसमेतको पहलमा सत्ता गठबन्धन टुटाउन लागेको भन्ने छ । एमाले र माओवादीका नेताहरु, अनि स्वयं जसपा नेपाल विभाजन गर्ने नेताहरुले यस्तो जिकिर गर्दै आएका सन्दर्भमा यादवले 'एक हातले ताली नबज्ने' संशय र चेतावनीपूर्ण भाव प्रसारण गरेका हुन् ।

प्रचण्ड-ओलीका दु:ख आफ्नै प्रकारका छन् । एकातिर उनीहरुलाई संसदको न्यूनतम बहुमत कायम राख्न साना दलहरुलाई सँगै राखिराख्नुपर्ने बाध्यता छ । अर्कातिर 'एक फुटेर दुई' बनेका दुवै जसपा सरकारलाई समर्थन दिन व्यग्र छन् ।

जसपा नेपाल फुटेर बनेको जसपाका संघीय परिषद अध्यक्ष राजेन्द्र श्रेष्ठ भन्छन्, 'सरकारमा रहनु वा नरहनु उहाँहरुको (उपेन्द्र पक्ष) को कुरा हो, कसलाई सरकारमा लिने वा कसलाई नलिने भन्ने भन्ने कुरा चाहिँ प्रधानमन्त्रीको ।' श्रेष्ठसँगको कुराकानीबाट स्पष्ट हुन्थ्यो कि दुवै जसपा एकैसाथ प्रचण्ड मन्त्रिपरिषद्मा नरहन सक्छन् । उच्च स्रोतका अनुसार प्रचण्ड आफैं भने यादवलाई किनारा लगाएर मधेशमा उनका प्रतिस्पर्धी सीके राउतलाई लिन चाहन्छन् । मधेशमा उदाएको नयाँ क्षेत्रीय शक्ति अर्थात् जनमत पार्टीसँग ६ सिट छ ।

*(स्रोत: अनलाइनखबर)*

# अनमोलको व्यंग्यमा प्रदीपको जवाफ-'उहाँको विवेक र सोचको कुरा हो'

काठमाडौं/नयाँ छिमलका सुपरस्टार हुन्, अनमोल केसी र प्रदीप खड्का । लगभग एकै समयमा नेपाली फिल्ममा दुवैको उदय भएको थियो । उनीहरुलाई रुचाउने दर्शक समूह पनि एउटै छ । र, दुवै रोमान्टिक भूमिकामा बढी रुचाइन्छन् । यसैले पनि उनीहरुलाई एकअर्काका प्रतिस्पर्धी भन्ने गरिएको छ । त्यो प्रतिस्पर्धा बेला बखतमा उनीहरुको अभिव्यक्तिमा पनि झल्किन्छ । मौका पाउनुपर्छ, दुवैले एकअर्कालाई ठुँग हानिरहेका हुन्छन् ।

केही हप्ताअघि एक फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा अनमोलले आफूसँग अरु कलाकारको जस्तो १० वटा फिल्म नभएको भन्दै अभिव्यक्ति दिएका थिए । उनको यो टिप्पणीलाई प्रदीपप्रति व्यंग्य भनेर व्याख्या गरिएको छ । हुन पनि यतिबेला प्रदीपले लगातार फिल्म सम्झौता गरिरहेका छन् । अनमोलले भनेजस्तै प्रदीपको हातमा लगभग १० वटै फिल्म छ । तर, एउटा प्रशंगमा अर्को कलाकारप्रति व्यंग्य गर्नु शोभनीय नभएको भन्दै अनमोलको आलोचना भइरहेको छ ।

अन्ततः प्रदीपले पनि अनमोललाई जवाफ फर्काएका छन् । उनलाई लाग्छ, जसले जे बोल्यो त्यो उसको विवेक र सोचको कुरा हो । मंगलबार फिल्म 'पूजार सार्की'को ट्रेलर सार्वजनिक कार्यक्रममा उनले भने- 'पहिला मैले ४ वर्षमा एउटा फिल्म पनि गरेँ । अब एक वर्षमा ४ वटा गरेर हेर्छु भनेर म आफैंले निर्णय गरेको हुँ । मेरो विवेकले जति भ्यायो, जे सिकेँ र जे बुझेँ म त्यही गर्दैछु । जसले जे बोल्नुहुन्छ, त्यो उहाँको विवेक र सोचको कुरा हो । त्यसमा मैले केही भन्न सक्दिनँ ।'

उनी आफ्नो काम गर्ने शैलीलाई प्रयोगात्मक मान्छन् । 'मेरो काम गराई प्रयोगात्मक जस्तो छ । के गर्दा के हुँदो रहेछ भन्ने हिसाबले काम गर्छु । यो गर्दा यस्तो हुन्छ भन्ने फुर्मला पनि छैन । मार्गनिर्देश गर्ने 'मेकानिज्म' पनि भएन । मैले सिक्दै र गर्दै जाने हो,' उनले भने । आगामी जेठ १० गतेबाट प्रदर्शनमा आउन लागेको 'पूजार सार्की'मा उनले दमाईको चरित्र निभाएका छन् ।

'प्रेमगीत'बाट रोमान्टिक हिरोको छवि बनाएका प्रदीप अब चरित्रमा विविधता खोज्ने प्रयासमा देखिन्छन् । अघिल्लो फिल्म 'प्रकाश'मा उनले जुम्ली जीवन बाँचेका थिए । त्यहींको भाषा र रैथाने लवज टिपेका थिए । 'पूजार सार्की'मा भने उनले कास्कीकोट क्षेत्रमा बोलिने भाषा र लवजमा लय मिलाएका छन् । दुवै फिल्ममा भाषा टिप्न चुनौती भएको उनको अनुभव छ । 'पूजार सार्की'को स्क्रिप्टमा बस्दा केही शब्दमा 'प्रकाश'को 'टोन' आउँदा गाह्रो भएको उनले स्मरण गरे ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# महिला 'श्रीमान'ले धानिरहेको हेटौंडा इजलास र जिल्ला अदालत

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ मकवानपुरका दुई न्यायिकक्षेत्र उच्चअदालत पाटन हेटौंडा इजलाश र मकवानपुर जिल्ला अदालत दुवै महिला न्यायाधीश 'श्रीमान'ले धानिरहेका छन् ।




न्यायपालिकामा महिला सहभागिता बढ्दो क्रममा रहनुका साथै न्याय सम्पादनमा महिला न्यायाधीशहरु अब्बल ठहरिएका छन् । न्यायपालिकातर्फ सबैभन्दा माथिल्लो निकाय सर्वोच्च अदालतपछिको दोस्रो तह उच्चअदालतमा महिला सहभागिता बढी छ । उच्चअदालततर्फ पाटनअन्तर्गतको हेटौंडा इजलासमा यसपटक नेतृत्वसहित सातै जना न्यायाधीश महिला छन् । न्यायाधीश यमुना भट्टराईको नेतृत्वमा रहेको हेटौंडा इजलासमा डा.शान्ता सेढाईं, शकुन्तला घिमिरे, मेरिना श्रेष्ठ, मीना गौतम, निर्मला शाक्य र सानुमैया डंगोल कार्यरत छन् ।

सात महिला न्यायाधीशको नेतृत्व झापा स्थायी घरभएकी ५३ वर्षीया भट्टराईले गरेकी हुन् । भट्टराई सात वर्षअघि २०७३ पुस २९ मा न्यायाधीश नियुक्त भएकी हुन् । काठमाडौं स्थायी घरभएकी ५४ वर्षीया न्यायाधीश शान्ता सेढाईं २०७३ पुस २९ मै न्यायसेवामा प्रवेश गरेकी हुन् । तेस्रो नम्बरमा रहेकी ५२ वर्षीया न्यायाधीश शकुन्तला घिमिरे लमजुङकी स्थायीबासी हुन् । उनले पनि भट्टराई र सेढाईंसँगै न्यायक्षेत्रमा प्रवेश गरेकी हुन् ।

चौथो नम्बरकी ५० वर्षीया न्यायाधीश मेरिना श्रेष्ठ डोटी स्थायीबासी हुन् । पाँच वर्षअघि २०७६ मंसिर ५ गते न्यायसेवामा प्रवेश गरेकी थिइन् । पाँचौं नम्बरकी ५५ वर्षीया न्यायाधीश मीना गौतम मोरङ स्थायीबासी हुन् । छैटौं स्थानकी ५२ वर्षीया न्यायाधीश निर्मला शाक्य भक्तपुर स्थायीबासी हुन् । शाक्य २०७७ चैत २ गते न्यायसेवामा प्रवेश गरेकी थिइन् । सातौं स्थानकी ४६ वर्षीया न्यायाधीश सानुमैया डंगोल भने २०८० साल पुस १९ गतेमात्रै न्यायसेवामा प्रवेश गरेकी हुन् ।

उच्चअदालत हेटौंडा इजलासमा न्यायाधीशमात्रै नभएर प्रशासनिक नेतृत्वसहित ५४ प्रतिशत कर्मचारी महिला छन् । हेटौंडा इजलासमा कर्मचारी प्रशासनको नेतृत्वको रुपमा न्यायसेवातर्फकी सहसचिव रामप्यारी सुनुवारले हेटौंडा इजालासमा रजिट्रारको रुपमा काम गरिरहेकी छन् । अदालतमा ५८ दरबन्दी रहेकोमा अहिले ५० जनामात्रै कार्यरत छन् । कर्मचारीमध्ये ५४ प्रतिशत अर्थात २७ जना महिला रहेको हेटौंडा इजलासका उपरजिस्ट्रार एवम् सूचना अधिकारी केशरनाथ अर्यालले जानकारी दिए ।

उनका अनुसार राजपत्रांकित श्रेणीमा (सहसचिवदेखि शाखा अधिकृसम्म) १७ दरबन्दीका नौ कर्मचारीमा ६ जना महिला छन् । जसमा सहसचिवसरहको रजिष्ट्रारमा रामप्यारी छन् । राजपत्रअनंकित श्रेणीमा (नायव सुब्बादेखि खरिदार सम्म) २० कार्यरतमध्ये १३ जना महिला छन् । ती सबै नायवसुब्बा हुन् । १३ श्रेणीविहीन अर्थात कार्यालय सहयोगीमध्ये आठ जना महिला छन् । समग्रमा राजपत्रांकित देखि श्रेणीविहीनसम्म ५० कर्मचारीमध्ये ४६ प्रतिशत अर्थात २३ जना पुरुष छन् ।

हेटौंडा इजलालमा सातै न्यायाधीश महिला आएको र कर्मचारीमा पनि महिलाको संख्या बढेपछि मुद्दा फछ्र्योटमा गति बढेको उपरजिष्ट्रार एवम् सूचनाअधिकारी अर्यालले बताए । जिल्ला बार एसोसियसन मकवानपुरका अध्यक्ष अप्सरा बस्नेतले पहिलेको तुलनामा अहिले समयमै न्यायसम्पादन हुने गरेको बताइन् । 'महिला श्रीमान् भएपछि पहिलेको तुलनामा अहिले समयमै काम हुने गरेको छ । समयमै पेशी तोकिने र सेवाग्राहीले कुरेर बस्न नपर्ने अवस्था भएकाले छिटोछरितो काम भइरहेको छ ।,'

हेटौंडा इजलास मात्रै नभएर मकवानपुर जिल्ला अदालतमा पनि तीनैजना न्यायाधीश महिला छन् । मकवानपुरको मुख्य न्यायाधीशमा अवनी मैनाली छिन् । उनीसँगै न्यायाधीश मनकुमारी जीएम र पूर्णिमा कोइराला छन् । न्याय परिषद् सचिवालयका अनुसार न्याय परिषद्का अध्यक्ष एवम् प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठकै पहलमा उच्चअदालत पाटन अन्तर्गत रहेको हेटौंडा इजलासलाई नमूना परीक्षणको रुपमा महिला न्यायाधीशलाई जिम्मा दिइएको हो ।

हेटौंडा इजलासको कामकारबाही सफल र प्रभावकारी देखिएपछि जिल्ला अदालत मकवानपुरमा पनि परीक्षण गर्न सबै न्यायाधीश महिला राखिएको परिषद्ले जनाएको छ । संविधानले लैंगिक समावेशिताको व्यवस्था गरेपछि राज्यका हरेक निकायमा महिला सहभागिता बढेको छ । संविधान निर्माण र कार्यान्वयनको दशकमा मुलुकले पहिलो महिला प्रधानन्यायाधीश बिदा गरिसकेको छ ।

# मकवानपुरमा १७ हजार करदाताले बुझाएनन् आयविवरण

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ आन्तरिक राजस्व कार्यालय हेटौंडाले वार्षिक आय विवरण नबुझाउने करिब १७ हजार करदातालाई कार बाही प्रक्रिया अघि बढाएको छ । करदाता प्रमाणपत्र (प्यान) लिएकामध्ये करिब ५० प्रतिशत करदाताले वार्षिक आयविवरण नबुझाएपछि कार्यालयले त्यस्ता करदाताको अभिलेख तयार पारी कारबाही अघि बढाएको हो ।

वार्षिक आय विवरण नबुझाउनेमध्ये धेरैजसो ३० लाखसम्मको कारोबार भएका साना करदाता र उपभोक्ता समिति छन् । 'आर्थिक वर्ष २०७९/८० र सो भन्दा अघिल्लो आर्थिक वर्षको आय विवरण नबुझाउने करिब १७ हजार करदाता छन्,' प्रमुख करअधिकृत तुलसीप्रसाद भट्टराईले भने, 'त्यसैले आयविवरण नबुझाउने करदाताको अभिलेख तयार पारेर कारबाही प्रक्रिया सुरु गरेका छौं ।'

पहिलोचरणमा आय विवरण नबुझाउने करदातालाई कार्यालयबाट प्रदान गरिने सेवासुविधा उपलब्ध नगराइने उनको भनाई छ । यसका साथै ती करदाताको नामावलीसहित आयविवरण बुझाउनका लागि पहल गरिदिन मकवानपुरको १० वटै पालिकालाई पत्राचार गरिएको छ । व्यावसायिक करदाता प्रमाणपत्र लिएकामध्ये कतिपय करदाताको मृत्यु भएको, कतिपय वैदेशिक रोजगारीमा गएको र कतिपयले व्यवसाय बिक्री गरिसकेको कारण आयविवरण नबुझाउनेको संख्या धेरै देखिएको हुनसक्ने भट्टराईको अनुमान छ ।

कार्यालयले लामो समयदेखि कर नबुझाउने एक सयजना करदातामाथि कारबाही प्रक्रिया अघि बढाइसकेको छ । दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने करदाताको अभिलेख तयार गरेर बैंक खाता र सम्पत्ति रोक्का गरिएको प्रमुख करअधिकृत भट्टराईले बताए । कर नबुझाएका करदाताबाट करिब ६२ करोड ३९ लाख भन्दा बढी बक्यौता उठाउन बाँकी रहेको कार्यालयले जनाएको छ । सबै रोक्का भएपछि केही करदाता कर बुझाउनसमेत आएको उनको भनाइ छ ।

नियमित बजार अनुगमन थालेपछि आर्थिक वर्ष २०७९/८० मा करदाता बढेका छन् । मकवानपुरमा व्यावसायिक ३३ हजार र व्यक्तिगत ६५ हजार करदाता छन् ।

## हेटौंडाले जित्यो...



महाकाल गाउँपालिकाका जीबन सुनार उत्कृष्ट ब्लकर भए । हेटौंडाका पुष्प मैनाली उत्कृष्ट प्रशिक्षक भए । विधागत उत्कृष्ट हुनेले ५० हजार रुपैयाँ पुरस्कार पाए । उपाधि विजेता टोली तथा खेलाडीलाई आयोजक टोलीकी संयोजक डोल्मामाया गोलेलगायतले पुरस्कार प्रदान गरेकी थिइन् । प्रधानमन्त्री तथा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का छोरी ज्ञानी दाहाल र छोरा प्रकाश दाहालको स्मृतिमा स्थापित प्रज्ञास्मृति प्रतिष्ठानले प्रतियोगिता आयोजना गरेको हो ।

प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद् र प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको सहयोग रहेको छ । यसै गरी नेपाल भलिबल संघको प्राविधिक सहयोग रहेको छ । ललितपुर जिल्ला खेलकुद विकास समिति सह-आयोजक रहेको थियो ।

# थाहा र इन्द्रसरोवरमा कृषि अवधारणा प्रस्तुत

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ मकवानपुरको थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकामा मकवानपुर उद्योग वाणिज्य संघले कृषिसम्बन्धी अवधारणा प्रस्तुत गरेको छ ।



संघका सहकोषाध्यक्ष तथा कृषि प्रवर्द्धन समितिका संयोजक निलम पाण्डेको नेतृत्वमा कार्यसमिति सदस्य तेजराज अधिकारी, समितिका सदस्य हरिशरण अधिकारी, ठूलीमाया मुक्तान र संघका कार्यकारी सचिव पवन कार्की गरी ५ सदस्यीय टोली मंगलबार थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिका पुगेका थिए । थाहा नगरप्रमुख विष्णुबहादुर विष्ट समक्ष संघको कृषिसम्बन्धी अवधारणा प्रस्तुत गरिएको हो । नगरउपप्रमुख भरत गोपाली, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाल, वरिष्ठ उपाध्यक्ष शम्भुसिंह कार्की, कार्यसमिति सदस्य राजनप्रसाद ढकाललगायतको उपस्थिति रहेको थियो । थाहानगरप्रमुख विष्टले थाहाको कृषिउत्पादन हेटौंडा, काठमाडौं, देशका विभिन्न सहर र भारतसम्म पुग्ने गरेको बताए ।

उनले मकवानपुर उद्योग वाणिज्य संघले सुझाव गरेको बुँदा महत्वपूर्ण रहेपनि केही कार्यान्वयन भइसकेका र केही थाहानगरको फरक परिप्रेक्षमा मेल नखाने भनाइ राखेका थिए । थाहानगरमा अगुवा कृषक समूह गठन गरी उनीहरुबाट व्यावहारिक तथा नीतिगत सुझाव लिने गरेको, सात करोड बजेट बिनियोजन गरी कृषिमा काम गरिरहेको, हाते ट्याक्टर वितरण गरिएको, तोकिएका कृषि सामग्रीहरु किसान आफैले खरीद गरी पेश गरेको बिलको आधारमा पचास प्रतिशत अनुदान दिने गरेको, फर्म दर्ता गरेका कृषिउद्यमीलाई अनुदान दिइरहेको, गाईपालनको लागि किसानलाई एउटा गाईको ५० हजार रुपैयाँका दरले अनुदान दिइरहेको, दुध बिक्रीको लागि पालिकाबाट ढुवानीको व्यवस्था गरिएको, चिस्यान केन्द्र रहेको, कोल्डस्टोर निर्माणाधीन रहेको बताए ।

चिराइतो, धसिङ्गरे, पाखनवेद जस्ता जडिबुटी रहेको, रुपचन्द्र विष्टको पहलमा २०३१/३२ बाट तरकारीमा कर संकलन गर्न थालिएको, पछि सरोकार समिति हुँदै हाल पालिकाले कर उठाइरहेको, व्यापारी, किसानको बारीमा गई तरकारी उठाउने भएकाले तरकारी संकलन केन्द्रको आवश्यक्ता नरहेको, बाँझो छाडिएको जमिन नरहेको, सिजनल बालीहरु सबै हुने भएकाले हाटबजारको प्रभावकारिता नरहने, चिसो बढी हुने कारण व्यावसायिक पशुपालन कठिन रहेको, बढी चिसोको कारण पुस, माघ र फागुनमा कृषिउत्पादन कम हुने गरेको, बीमा प्रक्रिया झन्झटिलो रहेको, किसानले उत्पादन फाल्नुपर्ने सम्मको अवस्था आउने गरेको जस्ता भनाइ उनले राखेका थिए ।

मउवा संघका कार्यसमिति सदस्य अधिकारीले गह्रा सुधार, कृषक आत्मसम्मान र पढ्दै कमाउँदै जस्ता अवधारणामा पालिकाले काम गर्नसक्ने बताएका थिए । थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष ढकाल, मउवासंघका कृषि प्रवर्द्धन समिति सदस्य अधिकारीलगायतले भनाइ राखेका थिए ।

त्यस्तै इन्द्रसरोवर गाउँपालिकामा पालिका उपाध्यक्ष उमाकुमारी लामासमक्ष कृषि अवधारणा प्रस्तुत गरिएको थियो । लामाले इन्द्रसरोवरमा मुख्यतया बन्दा, काउली, मुला, धनियाँ, अकबरे र बुलेट खुर्सानी उत्पादन हुनेगरेको, फलफूलतर्फ सुन्तला, मौसम, कागती, नासपाती हुने गरेको, सबै पाँचवटा वडामा कृषि र पशु प्राविधिक खटाइएको, पशु बीमा गरिएको, रासायनिक मल ढुवानीमा अनुदान दिइरहेको, २ र ४ नं. वडामा शीतभण्डार निर्माण गरिएको बताएकी थिइन् ।

पालिकाका सूचना अधिकारी दीपक चापागाईले कतिपय समयमा किसानले पाउने मूल्य र बजारमा बिक्री भइरहेको मूल्यमा ठूलो अन्तर हुनेगरेको, किसानले उत्पादनको मूल्य नपाएर खेतबारीमै नोक्सान भएर जाने गरेको, कृषिमा ६० लाख पचासहजार बजेट विनियोजन गरिएको, किसानको कृषि र पशुपालन क्षेत्रको व्याजको ७० प्रतिशत पालिकाले व्यहोरेको बताएका थिए ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI२००००००००९ | सुवास साह सोनार | चन्द्रपुर-०६,रौतहट |
| २ | PLI१५७०००२३२१ | प्रितिका कार्की | हेटौंडा-०४, मकवानपुर |
| ३ | PLI१५७०००२३९० | आरती रानी के.सी. | हेटौंडा-०४, मकवानपुर |
| ४ | PLI१५७०००७८३० | ईश्वर खड्का | भरतपुर-०४, चितवन |

## साधारणसभा सम्बन्धी सूचना !

यस ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.को **२४ औं वार्षिक साधारण सभा** तपशिलको मिति, स्थान र समयमा हुने हुँदा तपाईंको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछु ।

**तपशिल:**
मिति: २०८१ बैशाख २९ गते शनिबार
समय: बिहान १०:३० बजे
स्थान: रोयल पार्टी प्यालेस सी हल, हेटौंडा-४ (पूजा दाँतघरसँगै)

**कार्यक्रमहरु :**
१. संस्थाको अध्यक्षको प्रतिवेदन
२. संस्थाको कोषाध्यक्षको प्रतिवेदन
३. लेखा समितिको प्रतिवेदन
४. विद्यालयको प्रतिवेदन
५. विद्यालय सञ्चालन कार्यविधि
६. सहकारी विनियम संशोधन
७. विविध

***नोट:** साधारण सभामा उपस्थित हुँदा अनिवार्य नागरिकताको प्रतिलिपिसहित उपस्थित हुनुहुन अनुरोध छ ।*

लिलानाथ ढुंगेल (सचिव)
**ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-५, भैरवरोड
सम्पर्क नं.: ०५७-५२३४१५, ५२२३९८

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## जनहितमा जारी सन्देश !

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

*हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना